# शिखर नगरपालिका राहत वितरण सम्बन्धी मापदण्ड,२०७९

कार्यपालिकाबाट स्वीकृत मितिः- २०७९।१०।२९

प्रमाणिकरण मितिः- २०७९।१०।२९

शिखर नगरपालिका

जिल्लाः- डोटी

सुदुरपश्चिम प्रदेश

CamScanner

# शिखर नगरपालिका राहत वितरण सम्बन्धी मापदण्ड, २०७९

प्रमाणिकरण मितिः- २०७९/१०/२९

प्रस्तावनाः-

शिखर नगरपालिका क्षेत्रभित्र प्राकृतिक तथा गैह्प्राकृतिक विपद्बाट प्रभावित समुदायलाई न्यायोचित तवरबाट राहत वितरण गर्नका लागि मापदण्ड बनाउन आवश्यक भएकोले,

शिखर नगरपालिका विपद् व्यवस्थापन कोष (सञ्चालन) कार्यविधी, २०७५ को दफा ८ को उपदफा ७ ले दिएको अधिकार प्रयोग गरी शिखर नगर कार्यपालिकाले यो मापदण्ड बनाई जारी गरेको छ।

## परिच्छेद - १

## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ :- (१) यो मापदण्डको नाम "शिखर नगरपालिका राहत वितरणसम्बन्धी मापदण्ड, २०७९" रहेको छ।

(२) यो मापदण्ड नगरपालिकाले स्वीकृत गरेको मितिदेखि प्रारम्भ हुनेछ।

२. परिभाषा :- विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधीमा,

(क) "ऐन" भन्नाले शिखर नगरपालिका विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७५ सम्झनुपर्छ।

(ख) "कोष" भन्नाले ऐनको दफा १२ बमोजिमको विपद् व्यवस्थापन कोष सम्झनुपर्छ।

(ग) "प्रभावित व्यक्ति" भन्नाले विपद्को घटनाबाट परिवारका सदस्य गुमाएको, शारीरिक वा मानसिक समस्या उत्पन्न भएको, घर, जग्गाजमिन, पशुपन्छि, खाद्यान्न, लत्ताकपडा तथा अन्य सम्पत्तीमा आँशिक वा पुर्ण रूपमा नोक्सानी पुगेको वा विपद्का कारण अन्य कुनै तरीकाबाट प्रभावित भएको व्यक्तिलाई सम्झनुपर्छ।

(घ) "राहत" भन्नाले विपद् प्रभावित व्यक्तिलाई उपलब्ध गराईने नगद तथा वस्तुगत सहायता सामग्री समेत सम्झनुपर्छ।

(ङ) "समिति" भन्नाले ऐनको दफा ३ बमोजिमको समिति सम्झनुपर्छ।

(च) "सँयोजक" भन्नाले समितिको सँयोजक सम्झनुपर्छ।

## परिच्छेद - २

## राहत सहायता वितरणसम्बन्धी मापदण्ड

३. राहत सहायता वितरणः (१) विपद् व्यवस्थापन कोषबाट राहत सहायता प्रदान गर्दा विपद् व्यवस्थापन समितिले निम्न प्रक्रिया तथा मापदण्ड पालना गर्नुपर्नेछ।

(क) आपतकालीन उद्धार तथा राहत वितरणः-

CamScanner

(अ) विपदमा परी कुनै परिवारको सदस्यको मृत्यु भएमा प्रति परिवार रू.४०,०००।-(चालीसहजार) राहत प्रदान गरिनेछ।

(आ) परिवारमा एक जनाभन्दा बढि व्यक्तिको मृत्यु भएमा प्रति व्यक्ति रू.२०,०००।- (बीस हजार) को दरले थप राहत प्रदान गरिनेछ।

(इ) विपदबाट कुनै व्यक्तिको पशुचौपायाको मृत्यु हुनपुगेमा वस्तुस्थिति हेरि मनासिब राहत उपलब्ध गराईनेछ।

(ई) विपदबाट कुनै व्यक्तिको घर चुहिने वा भत्किई बस्न योग्य नभएको भनी समितिले प्रतिवेदन पेश गरेको आधारमा अस्थायी बसोबासका लागि तत्काल राहत स्वरूप त्रिपाल उपलब्ध गरिनेछ।

(२) राहत सहायता प्रदान गर्दा एकद्वार नीति अबलम्बन गरिनेछ।

(३) विपद्का कारण खाद्यान्न नष्ट भएमा, व्यवसाय प्रभावित भएमा वा बाँच्नको लागि खाद्यान्न वा गैह्र खाद्य सामग्रीहरू अपर्याप्त भएमा परिवारलाई नगद सहयोग यथाशिघ्र उपलब्ध गराईनेछ। राहत सहायता सम्भव भएसम्म उनीहरु बसेको स्थानमा पुर-याईनेछ।

(४) राहत रकम देहाय बमोजिम परिवार सँख्याको आकारमा आधारित हुनेछ-

(अ) ५ जना सदस्यसम्मको परिवारको लागि प्रति परिवार रू.१५,०००।-(पन्ध्र हजार)

(आ) ५ सदस्यभन्दा बढिको परिवारको लागि प्रति परिवार रू.२०,०००।-(बीस हजार)

(५) विपद् व्यवस्थापन समितिले जिल्ला विपद् व्यवस्थापन समितिसँग समन्वय गरि विपद् प्रभावित परिवारहरूको लागि सुरक्षित आश्रयस्थलको व्यवस्था गर्नुपर्छ र सो को जानकारी सम्बन्धित निकायलाई दिनुपर्नेछ।

(६) विपदबाट प्रभावित परिवाहरूको जानकारी खाद्यान्न, नगद सहयोग सहित विपद पश्चात् यसको जानकारी सम्बन्धित निकायलाई पठाउनुपर्दछ।

(७) नेपाल प्रहरीको नगरपालिकाभित्र रहेको प्रहरी कार्यालयले गरेको सिफारिसको आधारमा समितिले अनुगमन गरी प्रत्येक परिवारको घर बिग्रिएको, खाद्यान्न भण्डार नष्ट भएको वा आँशिक रूपमा क्षतिग्रस्त घर भएका परिवारहरूलाई वा अन्यत्र बसाईसराई गर्नुपर्ने भएमा वा नयाँ घर निर्माण गर्नुपर्ने भएमा थप रू.१,००,०००।-(एक लाख) सम्म राहत प्रदान गर्न सकिनेछ।

(८) विपदमा परेको परिवारको आँशिक वा पुर्ण रूपमा खाद्यान्न नष्ट हुन गएकोले तत्काल खाद्यान्न सामग्री उपलब्ध गराउन भनी समितिले सिफारिस गरेको खण्डमा तत्काल खाद्यान्न खरिद तथा ढुवानी समेत गरी उपलब्ध गराउन सकिनेछ।

(९) नगरपालिकाले घाईतेहरूको आवश्यक उपचारको लागि सरकारी अस्पतालमा उपचार गराउँदा वास्तविक खर्चमा सहयोग पुर-याउनेछ। घाईतेहरूलाई यातायात खर्चको रुपमा प्रति व्यक्ति रू.१,०००।-(एक हजार) प्रदान गरिनेछ।

(१०) विपदका कारणबाट घर क्षति (आँशिक रूपमा) भएमा नजिकको प्रहरी चौकीको मुचुल्का र वडा कार्यालयको सिफारिसका आधारमा समितिले मनासिब ठहर-याएको खण्डमा रू.१००००।-(दशहजार) उपलब्ध गराउने।

(११) विपदका समयमा नगरपालिका कार्यालयमा उपलब्ध रहेका सवारीसाधनले नभ्याई उद्धार तथा व्यवस्थापनमा कठिनाई उत्पन्न हुन गएको खण्डमा कार्यालयले तत्काल अन्य सवारीसाधन पनि भाँडामा लिई प्रयोग गर्न सकिनेछ।

**(ख) पानी आपूर्ति , सरसफाई तथा स्वास्थ्य प्रबर्द्धनका न्युनतम मापदण्डहरू**

(१) प्रत्येक घर-परिवारका लागि पानीका दुई भाँडाहरू (१० देखि २० लिटरसम्म, सङ्कलनका लागि एक, भण्डारणका लागि एक भाँडो)।

प्र. प्रमुख प्रशासकीय अधिकृत

CamScanner

(२) नुहाउनका लागि प्रतिव्यक्ति प्रतिमहिना २५० ग्राम साबुन।

(३) लुगा धुनका लागि प्रतिव्यक्ति प्रतिमहिना २५० ग्राम साबुन।

(४) हात धुने ठाउँमा साबुन र पानी (साझा शौचालयपिच्छे अथवा प्रतिघर-परिवार एक ठाउँ, र बच्चाहरूको दिसा-पिसाब तह लगाउनका लागि कोपरा (Potty), दिसा-पिसाब सोहर्ने साधन।

(५) प्रतिव्यक्ति प्रतिदिन न्यूनतम १५ लिटर।

(६) आवास र साझा शौचालयका बीचको दूरी अधिकतम ५० मिटर।

(७) महिला, किशोरी तथा शिशुहरूका लागि आवश्यकता अनुसार स्यानेटरी प्याड, डाईफर जस्ता सामग्री।

**(ग) खाद्य सहयोगसम्बन्धी मापदण्ड (स्फियर मापदण्डबाट अनुसार)**

(१) लक्ष्यित घर-परिवारले खाद्य वस्तुबाट ऊर्जाका न्यूनतम आवश्यकता (प्रतिव्यक्ति प्रतिदिन २,१००। क्यालोरी) दैनिक आहारका लागि सिफारिस गरिएको छ।

(२) नियमित रूपमा उपभोग गरिएको ५ मुख्य खाद्य वस्तुहरूभन्दा बढि हुनुपर्ने।

४. <u>व्यवस्था लागू हुने</u>:- माथि विभिन्न दफाहरूमा भएको व्यवस्था बमोजिमको राहत सहायताहरू भुकम्प, बाढि, पहिरो, आगलागी, असिना, आँधीव्यहोरी, चट्याङ, हिमपात र सडक दुर्घटना जस्ता प्रकोपबाट प्रभावित व्यक्ति तथा परिवारलाई लागू हुनेछ।

५. <u>राहत वितरणमा प्राथमिकता</u>:- उद्धार र राहत वितरण गर्दा पीडितमध्ये सँकटासन्न मानिस तथा परिवारहरूलाई प्राथमिकता दिनुपर्दछ जस्तैः- गर्भवती महिला, स्तनपान गराउने महिला, बालबालिका, ज्येष्ठ नागरिक, बिरामी, अशक्त तथा अपाङ्गता भएका मानिसहरूलाई प्राथमिकता दिनुपर्नेछ।

६. <u>पेश गर्नुपर्ने कागजात</u>:- (१) यस मापदण्ड बमोजिम राहत सहयोगको लागि पीडितले अनुसूची-१ बमोजिमको ढाँचाको निवेदन साथ देहाय बमोजिमको कागजात सँलग्न गर्नुपर्नेछ।

(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी,

(ख) मृतकको हकमा नजिकको हकवालाको नाता खुल्ने कागजको प्रतिलिपी,

(ग) क्षतिको विवरणसहितको सम्बन्धित वडाको सिफारिशपत्र,

(घ) क्षतिको विवरण यकिन गरिएको प्रहरी मुचुल्का,

(ङ) सम्भव भए घट्ना वा घट्नास्थलको फोटो,

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि एक पटक सुविधा पाई थप सुविधाको प्राप्तिका लागि उपरोक्त बमोजिमका कागजातहरू पुनः पेश गर्नुपर्ने छैन।

१०. <u>अतिरिक्त राहत प्राप्त गर्न बाधा नपर्ने</u>:- (१) नगरपालिकाबाट एक पटक राहत प्राप्त गरिसकेको अवस्थामा नगरपालिकाबाट आवश्यकतानुसार अपुग राहत प्राप्त गर्न र अन्य निकायबाट समेत थप राहत प्राप्त गर्न यस मापदण्डले बाधा पर्नेछैन।

प्रमुख प्रशासकीय अधिकृत

CamScanner

## अनुसूची-१
(दफा ६ को उपदफा (१) सँग सम्बन्धित)

**राहत माग गर्ने निवेदनको ढाँचा**

श्री सँयोजक ज्यू ,

विपद् व्यवस्थापन समिति

शिखर नगरपालिका, डोटी।

मिति .................................. गतेका दिन डोटी जिल्लाको शिखर नगरपालिका वडा नं. ...... मा भएको विपद्का सम्बन्धमा "शिखर नगरपालिका राहत वितरणसम्बन्धी मापदण्ड, २०७९" बमोजिम राहत सहयोग पाउँ भनी देहायको विवरण सहित यो निवेदन पेश गरेको छु/छौं।

(१) विपदको घटनाः-

(२) घाईते/मृतकको नाम, ठेगानाः-

(३) घाईते/मृतकको नागरिकताको प्रमाणपत्र नं. ............................. र जारी गर्ने जिल्ला ......

(४) बाबुको नाम थरः-

(५) आमाको नाम थरः-

(६) अनुमानित क्षतिको विवरण (परिणाम र मूल्य सहित अतिरिक्त रकम माग गरेको भए सो समेत खुलाउने)

(७) मृतकको हकमा हकवालाको नागरिकताको प्रमाणपत्र र नाता प्रमाणित पत्रः-

(८) क्षति विवरण यकिन भएको प्रहरी मुचुल्का (सँलग्न गर्ने)।

(९) घटनासँग सम्बन्धित फोटो (सम्भव भए सँलग्न गर्ने)।

(१०) घर आँशिक वा पूर्ण रूपमा क्षतिग्रस्त भएको भए सो सम्बन्धित विवरणः-

(११) वडा कार्यालयको सिफारिसः-

(१२) अन्य निकायबाट राहत प्राप्त गरे नगरेको विवरणः-

(१३) अन्यः-

CamScanner